# अर्जुनचौपारी गाउँपालिका
Arjunchaupari Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of Rural Municipal Executive**
अर्जुनचौपारी, स्याङजा
Arjunchaupari, Syangja

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

**प.सं.(Reference No):** ०८०।८१
**च.नं.(Dispatch No):-**

**मिति:२०८०।०४।१४**

**प्रेस विज्ञप्ती**

आज मिति २०८०।०४।१४ यस अर्जुनचौपारी गाउँपालिकाको २० औं कार्यपालिकाको बैठकबाट निर्णय भएका मुख्य मुख्य निर्णयहरु तपशिल बमोजिम रहेको अर्जुनचौपारी गाउँपालिकावासी सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ।

**तपशिल**

**निर्णय नं. १** आर्थिक बर्ष २०७९/०८० लाई व्यापक समिक्षा गर्दा गाउँपालिकाले प्रदान गरेका सेवा प्रवाह एवं योजना सम्झौता तथा फरफारक गर्दा केही कमि कमजोरी भएको हुँदा आगामी आर्थिक बर्षमा समयमानै योजना सम्झौता एवं फरफारक गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. २** आर्थिक बर्ष २०८०/०८१ मा गाउँपालिकाबाट प्रदान गर्ने सेवा प्रवाह, कर्मचारी परिचालन साथै योजनाहरु संचालन गर्दा व्यवस्थित एवं परिस्कृत ढंगबाट संचालन गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ३** अर्जुनचौपारी गाउँपालिकाको वडास्तरीय बैठक सञ्चालन कार्यविधि, २०८० कार्यपालिबाट स्वीकृत गरी कार्यान्वयन गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ४** जिल्ला दररेट निर्धारण समितिले आ.व. २०८०/०८१ का लागि निर्धारण गरेको स्याङ्जा जिल्लाको जिल्ला दररेट सर्वसहमत स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** अर्जुनचौपारी गाउँपालिबाट चालु आ.व. २०८०/०८१ को गाउँसभाबाट स्वीकृत भएका प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरु संचालन गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ६** मनसुन तथा वर्षाबाट हुन सक्ने विपद्लाई मध्यनजन गर्दै अर्जुनचौपारी गाउँपालिका भित्र विपद् व्यवस्थापनको लागि विपद् राहत उद्धार सामाग्री खरिद गरी आवश्यकता अनुसार प्रहरी चौकी तथा गा.पा. कार्यालय, वडा कार्यालयमा राख्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ७** अर्जुनचौपारी गाउँपालिकाको चमेनागृह (क्यान्टिन) संचालनको लागि सूचना प्रकाशन गरिएको हुँदा क्यान्टिन/क्वाटर यथाशिघ्र व्यस्थापन तथा संचालन गर्ने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ८** अर्जुनचौपारी गाउँपालिका वडा नं. १ स्थित झोलुङ्गे पूल जीर्ण अवस्थामा रहेको साथै उक्त स्थानमा नयाँ ट्रर्स वृज पूल निर्माण भई सकेको हुँदा पुरानो पूल हटाउदा कुनै असर नहुने भनी प्राविधिक शाखाबाट समेत रिपोर्ट प्राप्त भएको हुँदा उक्त जीर्ण अवस्थामा रहेको झोलुङ्गे पूल हटाउने सर्वसहमत निर्णय गरियो ।

धन बहादुर गुरुङ्ग
गाउँपालिका प्रवक्ता

धन बहादुर गुरुङ
प्रवक्ता

*" साझा प्रतिवद्धता साझा जिम्मेवारी हामी सबैको सपना समुन्नत अर्जुनचौपारी "*

9856053133 arjunchauparimun.gov.np arjunchaupari11@gmail.com

CamScanner